मिति: २०८१।०८।२९ गते    गाउँ कार्यपालिका    बैठक नं. ४९

आज मिति २०८१।०८।२९ गते शनिबारका दिन बिहान ११:०० बजे यस बागमती गाउँपालिकाका अध्यक्ष श्री सर्केश घलानज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक बसी देहायका प्रस्तावहरु माथि छलफल गरी निर्णय गरियो ।

<u>उपस्थिति</u>

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री सर्केश घलान | अध्यक्ष | |
| २ | श्री फणिन्द्र कुमार तिमल्सिना | उपाध्यक्ष | |
| ३ | श्री हस्त बहादुर थिङ, ०१ नं. का.वा. वडाध्यक्ष | सदस्य | |
| ४ | श्री जनक बहादुर पहरी, ०२ नं. वडाध्यक्ष | सदस्य | |
| ५ | श्री कमान सिं पाखिन, ०३ नं. वडाध्यक्ष | सदस्य | |
| ६ | श्री दन्त लाल माझी, ०४ नं. वडाध्यक्ष | सदस्य | |
| ७ | श्री विजय कुमार भोलन, ०५ नं. वडाध्यक्ष | सदस्य | |
| ८ | श्री टेक बहादुर डिम्डुङ, ०६ नं. वडाध्यक्ष | सदस्य | |
| ९ | श्री उत्तर बहादुर भोलन, ०७ नं. वडाध्यक्ष | सदस्य | |
| १० | श्री इन्द्रमणी तिमल्सिना, ०८ नं. वडाध्यक्ष | सदस्य | |
| ११ | श्री पुनराम घलान, ०९ नं. वडाध्यक्ष | सदस्य | |
| १२ | श्री भिम भुजेल | सदस्य | |
| १३ | श्री डम्बर बहादुर विश्वकर्मा | सदस्य | |
| १४ | श्री अम्बिका विश्वकर्मा | सदस्य | अम्बिका |
| १५ | श्री उर्मिला वि.क. | सदस्य | उर्मिला |
| १६ | श्री भगवती माया माझी | सदस्य | |
| १७ | श्री सुनिता नेगी | सदस्य | |
| १८ | श्री ओम बहादुर दर्जी | सचिव | |

CamScanner

मिति: २०८१।०८।२९ गते | गाउँ कार्यपालिका | बैठक नं. ४९

## प्रस्तावित विषयहरु

१. विगत गाउँ कार्यपालिका बैठकको समीक्षा सम्बन्धमा।
२. चौमासिक खर्च अनुमोदन सम्बन्धमा।
३. नदीजन्य पदार्थ उत्खनन्, संकलन तथा बिक्री वितरण सम्बन्धमा।
४. बागमती गाउँपालिकाको प्रशासकीय भवन सम्बन्धमा।
५. स्रोत सुनिश्चितता सम्बन्धमा।
६. विविध १, २, ३ र ४

प्रमाणित

ओम बहादुर
प्रमुख प्रशासकीय अधिकृत

मिति: २०८१।०८।२१ गते        गाउँ कार्यपालिका        बैठक नं. ४१

**निर्णयहरु**

*निर्णय नं. ०१*

प्रस्तावित विषय नं. ०१ माथि छलफल गर्दा यस गाउँ कार्यपालिकाबाट गत विगतमा गरिएका अधिकांश बैठकका निर्णयहरु कार्यान्वयन भएका एवं कार्यान्वयनका चरणमा रहेको हुँदा थप प्रभावकारी कार्यान्वयनका लागि गाउँपालिका अन्तर्गतका जनप्रतिनिधिमुलक संयन्त्र, कर्मचारी संयन्त्र तथा सम्पूर्ण सरोकारवालाहरुको सहयोग एवं समन्वयमा सबै संयन्त्रहरु परिचालन गरी कार्यसम्पादन गर्ने सर्वसम्मतिमा निर्णय गरियो।

प्रमाणित

*निर्णय नं. ०२*

प्रस्तावित विषय नं. ०२ माथि छलफल गर्दा बागमती गाउँपालिकाको आ.व. ०८१।८२ को वार्षिक नीति, कार्यक्रम तथा बजेटमा उल्लिखित कार्यक्रम अन्तर्गत सङ्घीय सरकारबाट प्राप्त सशर्त अनुदान, समानीकरण अनुदान, समपूरक अनुदान, विशेष अनुदान, राजश्व बाँडफाँड, प्रदेश सरकारबाट प्राप्त सशर्त अनुदान, प्रदेश सवारी कर, समानीकरण अनुदान, समपूरक अनुदान, विशेष अनुदान, आन्तरिक स्रोतबाट प्राप्त आय, अघिल्लो आ.व. को मौज्दात (अ.ल्या), गत विगत आ.व. को दायित्व भुक्तानी, विभिन्न गैरसरकारी संघ/संस्था सँगको समन्वय, सहयकार्य र साझेदारीमा गरिने बजेट तथा कार्यक्रमहरु लगायत गाउँपालिकामा प्रथम चौमासिक (मिति २०८१।०४।०१ देखि २०८१।०७।३० सम्म) अवधिमा प्राप्त अनुसूची-१ बमोजिमको चौमासिक आम्दानी प्रतिवेदन र अनुसूची-२ अनुसारको खर्च विवरण स्वीकृत गरी अनुमोदन गर्ने सर्वसम्मतिमा निर्णय गरियो ।

*निर्णय नं. ०३*

प्रस्तावित विषय नं. ०३ माथि छलफल गर्दा बागमती गाउँपालिकाको आर्थिक वर्ष २०८१।०८२ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत बागमती गाउँपालिकाको आन्तरिक आय तर्फको नदीजन्य पदार्थ उत्खनन् संकलन तथा बिक्री शुल्क उठाउन ठेक्का बन्दोवस्त सम्बन्धी मिति २०८१/०६/२१ गते प्रकाशित ३०(तीस) दिने विद्युतीय प्रणाली मार्फत बोलपत्र आह्वान सम्बन्धी सूचना बमोजिम मिति २०८१/०७/२१ गते खोलिएको बोलपत्रमा कुनै पनि बोलपत्र दाखिला नभएकोले सो ठेक्का प्रकृया सार्वजनिक खरिद ऐन, २०६३ को दफा २६ बमोजिम रद्द गरी मिति २०८१।०७।२५ गते को गाउँ कार्यपालिकाको निर्णयानुसार अमानतमा नदीजन्य पदार्थ प्रयोग गरे बापतको शुल्क उठाउन निर्णय भएकोमा जिल्ला समन्वय समितिको कार्यालय हेटौंडा, मकवानपुरको च.नं. २६२, मिति २०८१।०८।२७ गतेको प्राप्त पत्रमा उल्लिखित नदीजन्य तथा खानीजन्य पदार्थ जिल्ला अनुगमन समितिको निर्णयलाई मध्यजर गर्दै यस गाउँपालिकाको गत विगत आ.व. मा संकलित राजश्वको आधार, नदीजन्य पदार्थ उत्खनन्, संकलन तथा बिक्री एवं प्रयोगको गत विगतको अवस्था, बजारीकरण, गत विगत आ.व. देखि हालसम्म ठेक्का नलाग्ने प्रवृत्ति लगायतका विषयहरुलाई समेत दृष्टिगत गरी प्रचलित कानुनको अधीनमा रहि प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेनले निर्दिष्ट गरेका देहायका विन्दुहरुमा उल्लिखित परिमाण भन्दा बाहेक नदीजन्य पदार्थको उत्खनन् नहुने गरी प्रचलित कानुन बमोजिम ठेक्का आह्वान गर्न प्रमुख प्रशासकीय अधिकृत मार्फत गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने सर्वसम्मतिमा निर्णय गरियो। साथै गाउँपालिका अन्तर्गत चालु आ.व. मा संचालित सङ्घीय, प्रादेशिक र गाउँपालिका स्तरीय लगायतका आयोजना कार्यान्वयनको वर्तमान अवस्थालाई मध्यनजर गर्दै ठेक्का आह्वान गरिने विन्दुहरु बाहेकका IEE प्रतिवेदनमा उल्लिखित विन्दुहरुबाट मात्र प्रयोग हुने गरी आयोजनाको लागत अनुमानमा उल्लिखित परिमाणको आधारमा यकिन गरी शुल्क लिन प्रमुख प्रशासकीय अधिकृत मार्फत गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने सर्वसम्मतिमा निर्णय गरियो।

मितिः २०८१।०८।२९ गते गाउँ कार्यपालिका बैठक नं. ४९

देहाय

| सि.नं. | ठेक्काको किसिम | उत्खनन् तथा संकलन स्थान | अक्षांश | देशान्तर | IEE बाट यकिन भएको परिमाण (घ.मि.) | उत्खनन् सरिने ठेक्का परिमाण (घ.मि.) | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | आन्तरिक आय (ढुङ्गा, गिट्टी, वालुवा, आदिको उत्खनन्/ संकलन तथा विक्री वितरण) | धनसाई खोला १ | ६३६७६७ | ३०२५३४३ | ४४८० | ४४८० | |
| २ | | धनसाई खोला २ | ३३७७३५ | ३०२५३४१ | ८४०० | ८४०० | |
| ३ | | चौरा खोला १ | ३३८७६७ | ३०२६१६७ | ५४०० | ५४०० | |
| ४ | | चौरा खोला २ | ३४१२९८ | ३०२४४६९ | ६६०० | ६६०० | |
| ५ | | मन्साई खोला १ | ६२६७६७ | ३०२५३४३ | ९१०० | ९१०० | |
| ६ | | मन्साई खोला २ | ३३९५८९ | ३०२४७६७ | ९७५० | ९७५० | |
| | जम्मा परिमाण | | | | ४३७३० | ४३७३० | |

*निर्णय नं. ०४*

प्रस्तावित विषय नं. ०४ माथि छलफल गर्दा नेपाल सरकार, शहरी विकास मन्त्रालय, स्थानीय पूर्वाधार विकास विभाग, स्थानीय तहको प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम श्रीमहल, पुल्चोक ललितपुरको च.नं. २५८, मिति २०८१।०८।१९ गतेको प्राप्त पत्रानुसार यस गाउँपालिकाको प्रशासकीय भवन निर्माणको लागि गत विगत आ.व. मा समेत माग गरिएकोमा बागमती गाउँपालिकाको प्रशासकीय भवन निर्माणार्थ तयार पारिएको DPR मा उल्लिखित देहाय अनुसारको लागत अनुमानलाई अनुमोदन गरी "स्थानीय तहको प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम संचालन कार्यविधि, २०८१" को दफा ११ (क) बमोजिम हुन आउने लागत साझेदारी व्यहोर्ने सर्वसम्मतिमा निर्णय गरियो। साथै उक्त पत्रानुसार आवश्यक न्यूनतम मापदण्ड पूरा भइ जग्गा सम्बन्धी कुनै पनि विवाद नभएको र अस्थायी रुपमा कार्यालय संचालन गरिरहेको जानकारी गराउने निर्णय गरियो।

मिति: २०८१।०८।२९ गते

देहाय

बैठक नं. ४१

**Bagmati Rural Municipality**
**Office of Rural Municipal Executive**
**Jhurjhure, Makwanpur**

**Project Name: Consulting service for review and update of Detailed Project Report of Bagmati Rural Municipality Office Building**

## Summary of Cost

| S. N | Description of work | Amount | Remarks |
|---|---|---|---|
| A | **Civil work** | | |
| | Admin Building | Rs. 73,496,254.77 | |
| | Emergency Staircase | Rs. 3,203,865.95 | |
| | **Total civil work** | **Rs. 76,700,120.72** | |
| B | **Sanitary Work** | Rs. 4,253,137.22 | |
| C | **Electrical Work** | Rs. 3,392,223.51 | |
| D | **Sum without Vat and contingencies (A+B+C)** | **Rs. 84,345,481.45** | |
| E | **Provisional Sum** | | |
| | a) Provisional (Insurance and etc..) | Rs. 678,100.00 | |
| | b) Material Test | Rs. 352,410.00 | |
| | c) Supplying of as built drawing all complete | Rs. 150,000.00 | |
| | d)Project Information Board | Rs. 10,000.00 | |
| | **Sub-total** | **Rs. 1,190,510.00** | |
| K | **Vat @ 13% of D+E** | **Rs. 11,119,678.89** | |
| L | **Grand Total Cost (D+E+K)** | **Rs. 96,655,670.34** | |

मिति २०८१/०८/२९ गते बागमती गाउँ कार्यपालिका बैठक नं ४९

प्रमाणित

*निर्णय नं ०५*

प्रस्तावित विषय नं. ०५ माथि छलफल गर्दा बागमती गाउँपालिकाको चालु आ.व.२०८१।८२ मा कार्यान्वयन हुने गरी देहायानुसार विनियोजित बजेट कार्यान्वयानार्थ प्राविधिक लागत अनुमान तयार पार्ने क्रममा विनियोजित बजेट भन्दा लागत अनुमान केही बढी हुन आएको एवं उक्त प्राविधिक लागत अनुमानको आधारमा योजना कार्यान्वयन गर्नु पर्ने बाध्यात्मक अस्थाको सिर्जना हुन पुगेको अन्यथा सो योजना र विनियोजित बजेटको लक्ष्य एवं उद्देश्य पूरा नभइ अलपत्र हुन सक्ने जोखिमयुक्त सम्भावना उच्च देखिएको हुँदा योजना कार्यान्वयनको प्रारम्भिक चरणमा देखिएको बढी लागत अनुमान बागमती गाउँपालिकाको आन्तरिक स्रोत अभिवृद्धि गरी व्यहोर्ने र आगामी गाउँसभाबाट सोको व्यवस्थापन गरिने भएकोले बढी हुन आउने लागत अनुमानलाई समेत समावेश गरी ठेक्का प्रक्रिया अगाडि बढाउन प्रमुख प्रशासकीय अधिकृत मार्फत गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने सर्वसम्मतिमा निर्णय गरियो।

देहाय

| क.सं. | योजना | वडा नं. | विनियोजित बजेट (रु.) | आधारभूत रुपमा अपुग बजेट (रु.) | लागत अनुमान (रु.) | कै. |
|---|---|---|---|---|---|---|
| १ | झुरझुरे युद्ध पार्क बागमती गापा ४ मकवानपुर | ०४ | ९०,००,०००।- | ३०,४७,६२८।५० | १,२०,४७,६२८।५० | नेपाल सरकार सशर्त अनुदान पुंजीगत |
| २ | डाडेखोला गोठेदह साइटार हुँदै बेतीनी जाने सडक स्तरोन्नति | ०६ | ५०,००,०००।- | १८,१४,८२३।४२ | ६८१४८२३।४२ | |

*निर्णय नं. ०६*

प्रस्तावित विषय नं. ०६ विविध माथि छलफल गर्दा आवश्यकता एवं औचित्यताको आधारमा देहाय बमोजिम सर्वसम्मतिमा निर्णय गरियो।

१. बागमती गाउँ कार्यपालिका कार्यालयको मिति २०७६।०९।०९ गतेको निर्णयानुसार नेपाल प्रशासन सेवा, सामान्य प्रशासन समूह, सहायक स्तर पाँचौं तहमा नियुक्ति भइ पदस्थापना गरिएका गत विगत यस गाउँ कार्यपालिकाको कार्यालयमा कार्यरत कर्मचारी सहायक पाँचौं श्री टेक बहादुर के.सी. (क.सं.नं. २३५३३२) ले मिति २०८१।०८।०४ गते पेश गर्नु भएको निवेदन अनुसार श्री संङ्घीय मामीला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. स्था-१६३०, मिति २०७८।०९।०७ गतेको पत्रबाट मिति २०७८।०९।२२ गते रमाना भई हाल सल्यान जिल्ला दार्मा गाउँपालिकामा कामकाजमा खटिनु भएकोमा कर्णाली प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा १३६ बमोजिम निजलाई कामकाज गरिरहेको दार्मा गाउँपालिकामा पदस्थापना हुनको लागि सहमति दिने। साथै, प्रदेश लोक सेवा आयोग नियमावली, २०७६ को नियम (३) बमोजिम यस गाउँपालिकामा हुने रिक्त उक्त पदको पदपूर्तिको लागि सोही नियमावलीको अनुसूची-१ बमोजिमको माग आकृति फारम भरी प्रदेश लोक सेवा आयोग, बागमती प्रदेशलाई पत्राचार गर्ने।

CamScanner

२. बागमती गाउँ कार्यपालिकाको कार्यालय अन्तर्गत कार्यरत कर्मचारीहरुलाई गत विगत आ.व. देखि प्रदान गरिँदै आएको घरभाडा एवं कोठा भाडाको सम्बन्धमा मिति २०८१।०५।०५ गतेको निर्णयबाट भाडा उपलब्ध नगराउने निर्णय भएकोमा गत विगत देखि नै उक्त सुविधा उपलब्ध गराईंदै आइरहेको एवं सो सम्बन्धमा पाइरहेको सेवा सुविधाबाट वञ्चित गराउँदा कर्मचारीको कार्यसम्पादनमा असर परेको महसुस गाउँ कार्यपालिकाको कार्यालयले गरेको र सम्बन्धित कर्मचारीहरुबाट समेत गुनासो व्यक्त भएको सन्दर्भ तथा आवश्यकता र आकस्मिकतालाई समेत मध्यनजर गर्दै अविच्छिन्न रुपमा श्रवण देखि भाडामा बसिरहेका गाउँपालिका क्षेत्र भन्दा बाहिरका अर्थात् त्यसमा पनि अति आवश्यकताका आधारमा नियमन गरी मितव्ययिता अपनाई आधारभूत मापदण्ड बनाई भाडा सम्झौता गरी चालु आ.व. को मंसिर महिनाबाट लागू हुने गरि प्रदान गर्न प्रमुख प्रशासकीय अधिकृत मार्फत गाउँ कार्यपालिकाको कार्यालयलाइ निर्देशन दिने। आगामी दिनमा यसलाई मितव्ययी बनाउन आवश्यक कदम चाल्न पहल गर्ने।

३. बागमती गाउँपालिकाको योजना अनुगमन तथा सुपरीवेक्षण समितिको कार्यसंचालन कार्यविधि, २०८० प्रथम संशोधन २०८१ को दफा ३ बमोजिम अनुगमन तथा सुपरीवेक्षण समितिमा गाउँ कार्यपालिका सदस्य श्री अम्बिका विश्वकर्मालाई तोक्ने। साथै प्रत्येक वडाको आफ्ना क्षेत्र भित्रका योजनाको अनुगमन गर्ने क्रममा सम्बन्धित वडाको वडाध्यक्ष अनुगमन तथा सुपरीवेक्षण समितिको सदस्यको रुपमा अनिवार्य रहने।

४. यस बागमती गाउँ कार्यपालिका कार्यालयको यन्त्र उपकरण व्यवस्थापन शाखामा कामकाज गर्नु भएको हेभी सवारी (ट्रिपर) चालक श्री भिमसेन बहादुर मगरले राजिनामा दिनु भएकोमा उक्त राजिनामा गाउँ कार्यपालिकाको कार्यालयले स्वीकृत गरेको र सो रिक्त पदमा गाउँ कार्यपालिका कार्यालयको यन्त्र उपकरण व्यवस्थापन शाखा मै कार्यरत श्री तिलक बहादुर दोङ (ब्याक हो लोडर) ट्रिपर सवारी चालक अनुमति प्राप्त कर्मचारीलाई स्थानान्तरण गरी उक्त रिक्त हुन गएको हेभी सवारी (ब्याक हो लोडर) चलक पदमा पदपूर्ति गर्नु पर्ने भएको हुँदा करार सेवा मार्फत पदपूर्ति गर्नको लागि आवश्यक प्रक्रिया अगाडि बढाई पदपूर्ति गर्न प्रमुख प्रशासकीय अधिकृत मार्फत गाउँ कार्यपालिकाको कार्यालय र पदपूर्ति समितिलाई निर्देशन दिने।